घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७५/७६
चलानी नं. १४८४

मितिः २०७६/०२/०७

विषयः गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।

**श्री वडा कार्यालयहरू (सबै),**
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

उपर्युक्त सम्बन्धमा जिल्ला समन्वय समिति, मुस्ताङको च.नं. ३२७ मिति २०७६|०२|०६ को पत्र यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट समेत अवगत गर्नु भई गणतन्त्र दिवस, २०७६ लाई भव्य रुपमा मनाउने सन्दर्भमा जिल्ला समन्वय समिति, मुस्ताङका प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकका निर्णय बमोजिम आयोजना हुने कार्यक्रमहरूमा तहाँ वडा अन्तर्गतका सबै जनप्रतिनिधिज्यूहरू, सामाजिक अभियन्ता, शिक्षक कर्मचारी, गाउँ मुखियाहरू लगायत सबै आम नागरिकलाई सरिक हुनको लागि प्रचार प्रसार गरिदिनुहुन र मिति २०७६|०२|१५ गते विहान ७:३० बजे घरपझोङ गाउँपालिका वडा नं. ३ एयरपोर्टबाट प्रारम्भ हुने प्रभातफेरी कार्यक्रममा वडा अन्तर्गतका सबै कर्मचारीहरू औपचारिक पोशाकमा उपस्थित हुनको लागि यसै पत्रसाथ जानकारीको लागि अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**
श्रीमान् अध्यक्ष/उपाध्यक्षज्यूः घरपझोङ गाउँपालिका, मुस्ताङ
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ

# जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ

जोमसोम
गण्डकी प्रदेश, नेपाल
फोन नं. ०६९-४४००४४

पत्र संख्या : २०७५/०७६
चलानी नं. ३२५

मिति : २०७६।०२।०६

**विषय : गणतन्त्र दिवस मनाउने सम्बन्धी निर्णयको छाया प्रति पठाईएको ।**

श्री घरपझोङ गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ ।

प्रस्तुत विषयमा, गणतन्त्र दिवस, २०७६ मनाउने सम्बन्धमा मिति २०७६, जेष्ठ ६ गते बसेको बैठकको निर्णयको छाया प्रति-१ यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

केदार सिंह थापा
नि. जिल्ला समन्वय अधिकारी

प्रशासन

- अध्यक्ष, उपाध्यक्षज्यूलाई कार्यक्रमको जानकारी गराउने ।
- फुलगुच्छा वितरणको व्यवस्थापन स्वास्थ्य शाखाले गर्ने ।
- प्रभातफेरी कार्यक्रममा सरीक हुन कार्यालय तथा वडाकार्यालयका कर्मचारीहरूलाई जानकारी गराउने ।
- वडा कार्यालयहरूमा डि. [illegible] प्रमुखज्यूको अध्यक्षतामा कार्यक्रम [illegible] निर्देशित गर्ने

२/१६

## निर्णय नं. १ :-

गणतन्त्र दिवस, २०७६ भव्य रुपमा मनाउनका लागि जिल्ला समन्वय समितिका प्रमुखज्यूको अध्यक्षतामा, जिल्लाका संघीय संसद सदस्यन्यू, प्रदेश सभा सदस्यन्यूहरु, जिल्लाका पूर्व माननीयज्यूहरु, जिल्ला समन्वय समितिमा उपप्रमुख एवं सदस्यज्यूहरु, जिल्ला अन्तर्गतका ५ वटै गाउँपालिका अध्यक्ष, उपाध्यक्षज्यूहरु, जिल्ला स्थित सूरक्षा निकायका प्रमुखज्यूहरु, विभिन्न रानैतिक दलका प्रमुखज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, सदरमुकाम स्थित विद्यालय तथा क्याम्पसका प्रमुखज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुखज्यूहरु, विभिन्न पेशागत संघ संस्थाका प्रमुखज्यूहरु, आमा समुह, महिला समुह युवा क्लबका प्रमुखज्यूहरु, गुम्बा, मन्दिरका पुजारीज्यूहरु, गाउँ मुखियाज्यूहरु, पत्रकारज्यूहरु एवं नागरिक समाजका अगुवाज्यूहरु रहेको गणतज्त्र दिवस जिल्ला समारोह समिति गठन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २ :-

गणतन्त्र दिवस, २०७६ लाई मिति २०७६ साल जेष्ठ १४, १५ र १६ गते भव्य रुपमा मनाउनका लागि तपसिलको विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो :-

क) २०७६ साल १४, १५ र १६ गते तिन दिन सरकारी तथा गैसरकारी कार्यालयहरु, बजार तथा स्थानीय घर घरमा साझ दिपावली गर्ने ।

ख) स्थानीय वासीका घर आंगन, सरकारी तथा गैरसरकारी कार्यालयमा तथा सूरक्षा निकायका कार्यालयले आ-आफ्नो परिसरमा सरसफाई कार्यक्रम गर्ने ।

ग) २०७६, जेष्ठ १४ गते बिहान ८:०० बजे जिल्ला प्रशासन कार्यालय नजिक रहेको शालीग्राम पार्कको वृक्षारोपणमा गोडमेल तथा पानी बिरुवामा राख्ने र उक्त पार्क परिसरमा वृक्षारोपण गर्नु पर्ने ठाउँमा वृक्षारोपण गर्ने । वृक्षारोपण तथा गोडमेल कार्यक्रमको समन्वय डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय, जोमसोमले गर्ने ।

घ) २०७६ साल जेष्ठ १५ गते बिहान ७:३० बजे जोमसोम एयरपोर्ट पुथाङ देखि प्रभातभेरी गर्ने र जिल्ला समन्वय समितिको सभाहलमा भेलाभई प्रवचन गोष्ठी सञ्चालन गर्ने । सूरक्षा निकाय, सरकारी तथा गैर सरकारी कार्यालयले प्रभातफेरीमा कर्मचारीहरुको उपस्थितिको व्यवस्था मिलाउने तथा जोमसोम महिला समुह, पुथाङ आमा समुह, स्थानीय क्लब, गाउँ मुखियाज्यूहरुले स्थानीय जनसमुदायहरुको भव्य उपस्थितिको व्यवस्थाका लागि समन्वय गर्ने ।

ङ) २०७६, जेष्ठ १६ गते बिहान ८:०० बजे जिल्ला अस्पतालमा रहेका बिरामीहरु र जोमसोम कारागारमा रहेका कैदीहरुलाई फलफुल वितरण गर्ने र यसको समन्वय तथा आर्थिक व्यवस्थापन घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयले गर्ने ।

च) २०७६ साल जेष्ठ १५ गते जिल्ला समन्वय समितिको सभाहलमा सञ्चालन हुने प्रवचन गोष्ठीमा गणतन्त्र दिवस सम्बन्धी विभिन्न लेख, रचना, कविता प्रस्तुत गर्ने सम्बन्धमा आ-आफ्नो कार्यालय र संस्थामा प्रचार प्रसार गर्ने ।